घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको पहिलों बैठक**

मिति २०७९।०२।१६

**निर्णयहरु**

**निर्णय नं. १ :-**
यस घरपझोङ गाउँपालिकाको पहिलो गाउँ कार्यपालिकाका सदस्यहरुलाई, निजहरुले यस गाउँपालिकामा विकास निर्माणको काममा पुऱ्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-**
यस गाउँपालिका अन्तर्गत रहेका विपन्न, दलित, अपाङ्ग तथा लक्षित समूहलाई गाउँपालिकाले निशुल्क रुपमा स्वास्थ्य बिमा गरिदिने निर्णय गरियो । विपन्न तथा लक्षित समूहको पहिचानको लागि स्वास्थ्य शाखाले सूचक तयार गरी पेश गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ३ :-**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को खण्ड(ग) बमोजिम स्थानीय राजश्व परामर्श समितिमा तपसिल बमोजिम सदस्य तोक्ने निर्णय गरियो ।

**तपसिल :-**
१) श्री भिषण थकाली, २) महिला सदस्य तर्फ श्री अनिता घताने

**निर्णय नं. ४ :-**
घरपझोङ गाउँपालिकाको अनुगमन तथा सूपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को परिच्छेद-२, दफा ३(ख) बमोजिम तपसिल बमोजिमको कार्यपालिका सदस्यहरुलाई समितिको सदस्य तोक्ने निर्णय गरियो ।

**तपसिल :-**
१) श्री राजु प्रसाद लालचन, २) महिला सदस्य तर्फ श्री मणि सिरपाली

**निर्णय नं. ५ :-**
नेपाल सरकारले हाल लागु गरेको कार्यालय समयको दुई दिने बिदाको सन्दर्भमा, सेवाग्राहीको सुविधा साथै स्थानीय भौगोलिक अनुकुलतालाई समेत मध्येनजर गर्दै मिति २०७९।२।१६ गते देखि २०७९ आषाढ मसान्त सम्मका लागि कार्यालयको साविकको कार्यालय खुल्ने समय बमोजिमनै यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरु र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु आईतवार देखि बिहिबार सम्म बिहान १०:०० देखि ५:०० बजे सम्म र शुक्रवार १०:०० बजे देखि ३:०० बजे सम्म कार्यालय समय तोकी कार्यालय खुला राख्ने निर्णय गरियो ।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं.६ :-**

घरपझोङ गाउँपालिका भित्र प्रत्येक घरमा घर नम्बर सहितको अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं.७ :-**

नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ को खण्ड "ज" बमोजिम कार्यक्रम तर्जुमा र कार्यान्वयनको सहजीकरणको लागि तपसिल बमोजिम नविनतम् साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

संयोजक श्री याम प्रसाद थकाली, ४ नं. वडा अध्यक्ष
सदस्य शाखा अधिकृत श्री हिमलाल शर्मा
सदस्य अधिकृत (छैटौं) श्री केदार सिंह थापा
सदस्य लेखापाल श्री आशिष भण्डारी
सदस्य सचिव ईन्जिनियर श्री सकलदेव शर्मा

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल